# विश्वविद्यालय अनुदान आयोग
## उच्च शिक्षा सुधार परियोजना

## पाठ्यक्रम परिमार्जन तथा नयाँ /थप शैक्षिक कार्यक्रमहरूको संचालन सम्बन्धी

# सूचना

विश्वविद्यालय अनुदान आयोगले उच्च शिक्षा सुधार परियोजना अन्तर्गत वर्तमान शैक्षिक प्रणालीमा समयसापेक्ष सुधार गर्दै राष्ट्रिय प्राथमिकताका क्षेत्रमा पर्ने बजारोन्मुख नयाँ/परिमार्जित/थप शैक्षिक कार्यक्रम सञ्चालन/विस्तार गरी राष्ट्रको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउन मानव संसाधन उत्पादन गर्ने लक्ष्य अनुरुप विश्वविद्यालयहरु र सो अन्तर्गतका उच्च शिक्षा संस्थाहरुलाई **पाठ्यक्रम परिमार्जन तथा नयाँ /थप शैक्षिक कार्यक्रमहरूको संचालन** कार्यक्रम अन्तर्गत निम्नानुसार अनुदान सहयोगको व्यवस्था गरेकोमा निर्धारित मापदण्ड पूरा गरेका उच्च शिक्षा संस्थाहरुले सम्बन्धित् अनुदान सहयोगका लागि मिति २०७६ माघ २९ गते भित्र आयोगमा आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**अनुदान सहयोगका मुख्य प्रकारहरुः**

(क) आ.व. २०७१/०७२ वा सो पश्चात् सम्बन्धित् निकायबाट पहिलो पटक संचालन स्वीकृती पाएका राष्ट्रिय प्राथमिकतामा पर्ने शैक्षिक कार्यक्रम संचालन गरे बापतको अनुदान

(ख) शैक्षिक कार्यक्रमको एक शैक्षिक चक्र पूरा भई आ.व. २०७१/०७२ वा सो पश्चात् सम्बन्धित् निकायबाट परिमार्जन भएको कार्यक्रम संचालन गरे बापतको सम्बन्धित् डीन कार्यालय/ संकायहरु/ शैक्षिक स्वायत्त उच्च शैक्षिक संस्थाहरुलाई अनुदान (यो अनुदान त्रि.वि. बाहेकका विश्वविद्यालयहरुलाई विश्वविद्यालय अनुदान आयोगबाट उपलब्ध गराइने)

(ग) वार्षिकबाट सेमेष्टर प्रणालीमा परिमार्जित कार्यक्रम संचालन गरे वापतको अनुदान (यो अनुदान त्रि.वि. का संकाय/ अध्ययन संस्थान/ स्वायत्तता प्राप्त क्याम्पस/ केन्द्रिय विभाग/ स्कूल बाहेक त्रि.वि. का सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस र अन्य विश्वविद्यालयहरुलाई विश्वविद्यालय अनुदान आयोगबाट उपलब्ध गराइने)

(घ) आ.व. २०७१/०७२ पूर्व सम्बन्धित् निकायबाट स्वीकृती प्राप्त गरी अन्य उच्च शिक्षा संस्थामा संचालन भइरहेको राष्ट्रिय प्राथमिकतामा पर्ने कार्यक्रम आ.व. २०७१/०७२ वा सो पश्चात् सम्बन्धित् उच्च शिक्षा संस्थाले स्वीकृती प्राप्त गरी संचालन गरे वापतको अनुदान

उपरोक्त बाहेक उच्च शिक्षा सुधार परियोजना, परियोजना कार्यान्वयन निर्देशिकाको अनुसूची ८.५ (ख) अर्न्तगत व्यवस्था भएका सहयोगका अन्य प्रावधानहरु मापदण्ड पूरा गरेका उच्च शिक्षा संस्थाहरुले प्रस्ताव तयार गरी आयोगमा आवश्यक कागजात सहित निवेदन पेश गर्न सक्नेछन् ।

**नोटः** यस सूचनासंग सम्बन्धित् थप विस्तृत विवरण आयोगको website **www.ugcnepal.edu.np** बाट प्राप्त गर्न सकिने छ ।

***थप जानकारीका लागि***
*विश्वविद्यालय अनुदान आयोग*
*रिफर्म युनिट*
*फोन नं. ०१-६६३८५४८/४९/५० /५१ (एक्स्टेन्सन नं. १४३ / १४८)*
*सानोठिमी, भक्तपुर*